# प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२०८०

प्रदेश सभा

मधेश प्रदेश, जनकपुरधाम

## प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** प्रदेशका बालबालिकाहरुको हक, हितको संरक्षण गरी तिनीहरुको शारिरीक, मानसिक र बौद्धिक विकास गर्न बालिका विरुद्धको जातिय, वर्गीय, लैङ्गिक विभेदलाई अन्त्य गर्दै तिनीहरुको जन्म, शिक्षा, स्वास्थ्य, र रोजगारीको प्रत्याभूति गरी बालिकाको संरक्षण गर्न वाञ्छनीय भएकाले, मधेश प्रदेश सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**यस ऐनको नाम “बालिका संरक्षण सम्बन्धी ऐन, २०८०” रहेको छ ।

(२) यो ऐन मधेश प्रदेश भर लागु हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **ऐन लागु हुनेः**(१) यस ऐन बमोजिम कसूर ठहरिने कुनै कार्य प्रदेशमा स्थायी बसोबास गर्ने कुनै व्यक्तिले प्रदेशभन्दा बाहिर अन्य कुनै प्रदेश वा अन्य कुनै मुलुकमा गई गरेको रहेछ भने पनि निजले त्यस्तो कसूर प्रदेश भित्र गरेको मानी यसै यसे ऐन बमोजिम कारवाही गरिनेछ ।

(२) प्रदेशमा काम, रोजगारी वा अन्य सिलसिलामा अस्थायी बसोबास गर्ने नेपाली नागरिकको हकमा समेत यो ऐनको व्यवस्था उपदफा (१) मा लेखिए बमोजिमनै लागु हुनेछ।

३. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क)”अभियान” भन्नाले परिच्छेद -३ मा उल्लिखित बालिका सशक्तिकरण अभियान सम्झनु पर्छ ।

(ख) “कसूर” भन्नाले दफा २१ मा उल्लिखित कसूर सम्झनु पर्छ ।

(ग) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) “प्रदेश” भन्नाले मधेश प्रदेश सम्झनु पर्छ ।

(ङ) “बालिका” भन्नाले अठार वर्षको उमेर पूरा नगरेको मधेश प्रदेशमा स्थायी बसोबास गर्ने बालिका सम्झनु पर्छ ।

(च) “बालिका कल्याण गृह” भन्नाले बेवारिस बालिकाको पालनपोषण गर्न प्रदेश सरकारले दफा १७ बमोजिम स्थापना गरेको बालिका कल्याण गृह सम्झनु पर्छ ।

(छ) “मुख्य मन्त्री” भन्नाले प्रदेशको मुख्य मन्त्री सम्झनु पर्छ ।

(ज) "मुख्य न्यायाधिवक्ता" भन्नाले प्रदेशको मुख्य न्यायाधिवक्ता सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले दफा १६ बमोजिम गठन भएको बालिका संरक्षण समिति सम्झनु पर्छ ।

(ञ) "संरक्षक" भन्नाले बालिकाको संरक्षण गर्नको लागि दफा १९ बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद-२

## बालिकाहरुको हक अधिकार

४. बालिकाको नाम राख्ने र जन्म मिति कायम गर्ने:(१) प्रत्येक बालिका जन्मेपछि निजको बाबु आमा भए बाबु आमाले र बाबु आमा मध्ये कोही पनि नभए परिवारका अन्य सदस्य र त्यस्तो सदस्य पनि नरहे संरक्षकले आफ्नो धर्म, संस्कृति र चलन अनुसार बालिकाको नाम राखिदिनु पर्छ ।

(२) कुनै बालिकाको जन्म मिति पत्ता लाग्न नसकेकोमा त्यस्तो बालिकालाई पाल्ने व्यक्ति, संस्था वा संरक्षकले दर्तावाला चिकित्सकको राय लिई निजको जन्म मिति कायम गरिदिने प्रयोजनको लागि प्रचलित कानून बमोजिम जन्म मिति दर्ता गराई राख्नु पर्नेछ । यसरी दर्ता भएको जन्म मिति नै त्यस्तो बालिकाको प्रमाणिक जन्म मिति मानिनेछ ।

५. बालिकाको पालनपोषण, शिक्षा र स्वास्थ्योपचारको अधिकार: (१) बाबु, आमा भए बाबु आमाले र निजहरु नभए बालिकाको पालनपोषण गर्ने व्यक्ति, संस्था वा संरक्षकले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक बालिकाको पालनपोषण गर्नुको अतिरिक्त निजको शिक्षा ,स्वास्थ्योपचार, खेलकुद तथा मनोरञ्जनको सुविधाहरुको व्यवस्था समेत गर्नु पर्नेछ ।

(२) बाबु आमा, बालिका पालनपोषण गर्ने व्यक्ति वा संस्था वा संरक्षकले बालिकालाई रोगबाट बचाउन आवश्यक खोपहरु दिलाउनु पर्नेछ । खोप दिलाउने काममा प्रदेश सरकार र स्थानीय तहले सक्रिय भूमिका निर्वाह गरी बालिकाहरुलाई खोप लगाउने व्यवस्था गर्नु पर्नेछ ।

(३) प्रदेश सरकारले जन्मिने बालिकाको स्वास्थ्य हितलाई ध्यानमा राखी गर्भिणी र सुत्केरी अवस्थाका आमाहरुको उचित स्वास्थ्य स्याहारको व्यवस्था गर्नमा सहयोग गर्नु पर्नेछ ।

६. भेदभाव गर्न नहुने: पालनपोषण, शिक्षा र स्वास्थ्योपचारमा छोरा वा छोरीको आधारमा मात्र छोरा- छोरी बीच भेदभाव हुने गरी पालनपोषण, शिक्षा र स्वास्थ्योपचारमा बालिकालाई भेदभाव हुने कार्य कसैले पनि गर्नु हुँदैन ।

७. क्रुर वा यातनापूर्ण अमानवीय व्यवहार गर्न नहुने: कसैले पनि बालिका प्रति क्रुर, यातनापूर्ण अमानवीय व्यवहार गर्न गराउन हुदैंन ।

(२) बालिकालाई अनैतिक पेशामा लगाउने उद्देश्यले निजको फोटो खिच्न वा खिच्नलाई अनुमति दिन वा त्यस्तो फोटो वितरण गर्न वा प्रदर्शन गर्न हुदैंन ।

(३) कुनै बालिकाको चरित्रमा आघात पर्ने किसिमको निजको व्यक्तिगत घटना, विवरण वा फोटोको प्रकाशन, मुद्रण वा वितरण गर्न हुदैंन ।

(४) बालिकालाई मादक पदार्थ, लागू औषध वा यस्तै अन्य नसालु पदार्थको बिक्री वितरण ओसारपसार गर्ने कार्यमा लगाउनु हुदैंन ।

८. <u>बालिकालाई अनैतिक पेशामा संलग्न गराउन नहुने:</u> (१) कसैले पनि बालिकालाई अनैतिक पेशामा लगाउन वा प्रयोग गर्न हुदैंन ।

(२) बालिकालाई अनैतिक पेशामा लगाउने उद्देश्यले निजको फोटो खिच्न वा खिच्ने अनुमति दिन वा त्यस्तो फोटो वितरण गर्न वा प्रदर्शन गर्न हुदैंन ।

(३) कुनै बालिकाको चरित्रमा आघात पर्ने किसिमको निजको व्यक्तिगत घटना, विवरण वा फोटोको प्रकाशन, मुद्रण, प्रदर्शन वा वितरण गर्न हुदैंन ।

(४) बालिकालाई मादक पदार्थ, लागू औषध वा यस्तै अन्य नसालू पदार्थको बिक्री वितरण वा ओसारपसार गर्ने काममा लगाउनु हुदैंन ।

तर उपदफा ४ बमोजिम कार्य गरिएको खण्डमा प्रचलित कानून बमोजिम कारबाहीको भागी हुनेछ ।

९. <u>बिवाहको लागि कर गर्न नहुने:</u> (१) कसैले पनि कुनै बालिकालाई उसको ईच्छा विपरित विवाहका लागि कर र्न वा डर, धाक, त्रास, अनुचित प्रभाव वा प्रलोभनमा पारी विवाहको लागि तयार गर्न हुदैंन ।

(२) प्रचलित कानून बमोजिम विवाहको लागि चाहिने उमेर पूरा नगरी बालिकाको सहमतिमा समेत विवाह गर्न वा गराउन हुदैंन ।

(३) उपदफा (१) र (२) बमोजिमको उमेर पूरा नगरी बालिकाको सहमतिमा समेत विवाह गर्न वा गराउने कार्य देखिएकोमा वा भएकोमा प्रचलित कानून बमोजिम दण्डनीय हुनेछ ।

१०. <u>छोरी जन्मिए लगत्तै विवाहमा केन्द्रित हुन नहुने:</u>(१) छोरी जन्मिए लगत्तै कुनै पनि बाबु आमा वा परिवारको कुनै सदस्यले उसको विवाहमा केन्द्रित भई कुनै पनि किसिमको व्यवहार तथा आचरण प्रकट गर्न पाइने छैन ।

(२) उमेर पुगेको छोरीको विवाह गर्दा संघीय सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ बमोजिमको परिधि भित्र रहि गर्नु पर्नेछ ।

(३) प्रचलित कानून बमोजिम बाबु आमाको सम्पत्तिमा छोरीको समान अधिकार हुनेछ । सम्पत्ति उपरको हकका सम्बन्धमा छोरा र छोरी बीच कुनै भेदभाव गरिने छैन ।

११. <u>बालिका भएकै कारणबाट मात्र गर्भपतन गर्न नहुने:</u>गर्भमा बालिका रहेको पहिचान गरी बालिका भएकै कारणबाट मात्रै कसैले पनि गर्भपतन गर्न वा गर्भ पतन हुन सक्ने कुनै पनि किसिमको काम कारबाही गर्न गराउन हुदैंन ।

तर गर्भिणी महिलाको स्वास्थ्यमा परेको प्रतिकूल असर एवम् निजको जीवन रक्षाको लागि वा गर्भमा रहेको बालिकाको स्वास्थ्यमा पर्ने प्रतिकूल असरलाई विचार गरी चिकित्सकको लिखित परामर्शको आधारमा गर्भपतन गर्न बाधा परेको मानिने छैन ।

१२. <u>हकको प्रचलनः</u> (१) यस परिच्छेदमा उल्लेख भएको हकको प्रचलनको लागि बालिकाको तर्फबाट जो सुकैले पनि बालिका रहे बसेको प्रचलित कानून बमोजिमको अदालतमा निवेदन दिन सक्नेछ । यस्तो निवेदन पर्न आएमा सम्बन्धित सो अदालतले जाँचबुझ गरी मनासिब आज्ञा आदेश वा पूर्जी जारी गरी हकको प्रचलन गराई दिन सक्नेछ ।

(२) कसैले यस परिच्छेदद्वारा प्रदत्त अधिकारमा आघात पुर्याएबाट कसैलाई कुनै क्षति पुग्न गएको रहेछ भने अदालतले उपदफा (१) बमोजिम आज्ञा, आदेश वा पूर्जी जारी गर्दा मनासिव माफिकको क्षतिपूर्ति भराउने निर्णय पनि गर्न सक्नेछ ।

## परिच्छेद -३

## <u>बालिका संरक्षण सम्बन्धी अभियान</u>

१३. <u>मुख्य मन्त्री बालिका अनिवार्य तथा निःशुल्क शिक्षा अभियानः</u> (१) प्रदेशमा स्थायी बसोबास गर्ने बालिकाको संरक्षणको लागि प्रदेश सरकारले छ वर्ष पुगेका प्रत्येक बालिकालाई तोकिए बमोजिम अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्नुपर्ने गरी "मुख्य मन्त्री बालिका अनिवार्य तथा निः शुल्क शिक्षा अभियान" वा "विभिन्न राष्ट्रिय विभूतिको नाममा"सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संचालित अभियान अन्तर्गत बालिकालाई माध्यमिक तहसम्मको शिक्षा तोकिए बमोजिम निः शुल्क प्रदान गरिनेछ ।

(३) उपदफा (१) बमोजिम संचालित अभियान अन्तर्गत बालिकालाई विधालय भर्ना गरे बापत अति विपन्न, दलित, सहिद परिवारका सन्तति मध्येका बालिकाहरुलाई पोशाक, पुस्तक, स्टेशनरी, सेनिटरी प्याड आदीका लागि लाग्ने खर्च संघीय सरकार तथा स्थानीय तहसँग समन्वय गरी तोकिए बमोजिम उपलब्ध गराउनेछ ।

१४. <u>मुख्य मन्त्री बेटी बचाँउ बेटी पढाउँ अभियानः</u> (१) प्रदेश सरकारले बालिकाको हक हितको संरक्षण गर्नको लागि स्थानीय तहसँग समन्वय गरी प्रदेशमा तोकिए बमोजिम "मुख्य मन्त्री बेटी बचाँउ बेटी पढाँउ अभियान" वा "विभिन्न राष्ट्रिय विभूतिको तथा सांस्कृतिक स्रस्टाहरुको नाममा सञ्चालन गर्नेछ ।

तर बालिकासंरक्षण सम्बन्धी प्रचलित कानून र यस सम्बन्धमा संघीय, प्रदेश एंव स्थानीय सरकारको नीति तथा कार्यक्रमको बारेमा आवश्यकता अनुसार सर्व साधारणको जानकारीको लागि समन्वयात्मक भूमिका निभाउने, प्रचार- प्रसारको लागि जनचेतना मुलक कार्यक्रम ल्याउने र कार्यान्वयनको पहल गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभियान संचालनको लागि प्रदेश सरकारले स्थानीय तहसँग समन्वय गरी प्रत्येक स्थानीय तहमा अभियान संचालन गर्ने प्रयोजनको लागि तोकिए बमोजिम ईकाइ स्थापन गर्नेछ । यसरी स्थापना भएका ईकाइहरुको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ –

(क)स्थानीय पंजिकाधिकारीसँग समन्वय गरी स्थानीय तहमा जन्मिने बालिकाहरुको तथ्यांक संकलन गर्ने र तत्काल नवजात बालिकाहरुको प्रदेश सरकारले निर्धारण गरेको रकम बराबरको संरक्षण बीमा गराउन सहजीकरण गर्ने ।

(ख) स्थानीय तह भित्रका छ वर्ष उमेर पुगेका प्रत्येक बालिका विधालय भर्ना भए नभएको सुनिश्चित गर्ने र यसलाई प्रभावकारी बचाउन स्थानीय सरकारी तथा गैरसरकारी संस्थाहरु सँग समन्वय गर्ने ।

(ग) स्थानीय तह भित्र बालिका माथि कुनै किसिमको भेदभाव वा हिंसा भएको वा हुन लागेको सूचना प्राप्त गर्ने र त्यस्तो सूचनाको जानकारी यथाशिघ्र समितिलाई दिने ।

(घ) बालिका संरक्षण सम्बन्धी प्रचलित कानून र यस सम्बन्धमा संघीय, प्रदेश एंव स्थानीय सरकारको नीति तथा कार्यक्रमका बारेमा सर्वसाधारणका बीच जनचेतना जगाउने ।

(ङ) बालिका माथि कुनै पनि किसिमको हिंसा भइरहेको वा हुन लागेको जानकारी प्राप्त भएमा सम्बन्धित प्रहरी निकायसँग समन्वय गरी बालिकाको सुरक्षालाई सुनिश्चित गर्ने ।

(च) अभियानको प्रभावकारी संचालन गर्नका लागि प्रदेश सरकारले सुम्पेको अन्य कामहरु गर्ने ।

(छ) तोकिए बमोजिमको अन्य कामहरु गर्ने ।

**१५.** **<u>बालिका संरक्षण बिमाः</u>** (१) प्रदेश सरकारले सम्बत् २०८० साल माघ १ गते पश्चात जन्मिएका प्रत्येक बालिकाको संरक्षणको लागि तोकिए बमोजिम शिशु कल्याण योजना प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने बिमाको रकम एक लाख रुपैंयाको हुनेछ ।

(३) यस दफा बमोजिम गरिने बिमाको लागि सम्बन्धित वडा कार्यालयको सिफारिस अनिवार्य हुनेछ ।

(४) यस दफा बमोजिम गरिने बिमाको रकम बालिकाको उमेर बीस वर्ष पूरा भएपछि निजलाई एकमुष्ट रकम प्रदेश सरकारले प्रदान गर्नेछ ।

(५) संरक्षण बिमा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिम गरिने बिमाको प्रभावकारी अनुगमन गर्ने जिम्मेवारी समितिको हुनेछ ।

## परिच्छेद-४

## <u>बालिका संरक्षण सम्बन्धी व्यवस्था</u>

**१६. बालिका संक्षण समितिः** (१) यस ऐनमा उल्लिखित कुनै पनि प्रकारको कसूर वा प्रदेशभित्र बसोबास गर्दै आएका कुनै पनि हिंसा पीडित लगायत वेबारिसे बालिका लगायत अपांग, शारिरीक रुपमा वा मानसिक रुपमा अविकसित, बालिकाको संरक्षण गर्नको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रत्यक्ष रेखदेखमा रहने गरी एउटा बालिका संरक्षण समिति रहनेछ ।

**<u>स्पष्टीकरणः</u>** वेवारिसे भन्नालेत्यस्तो बालिका सम्झनु पर्छ –

(१) जसको हेरचाह गर्नका निमित्त बाबु आमा वा परिवारका अन्य कुनै सदस्य छैन ।
(२) जसको बाबु आमा वा परिवारका सदस्य भए पनि तिनीहरुबाट तिरस्कृत भएको छ ।

(३) जसको जीविकोपार्जनको कुनै स्रोत छैन ।

(२) समितिमा देहायका अध्यक्ष तथा सदस्यहरु रहनेछनः-

(क) स्नातक उपाधि हासिल गरेको र बालिका तथा महिला अधिकारको संरक्षण सम्बन्धी क्षेत्रमा कम्तीमा दश वर्ष कार्य गरेको व्यक्तिहरु मध्येबाट प्रदेश सरकारले तोकेको व्यक्ति- अध्यक्ष

(ख) बालिका तथा महिला अधिकारको संरक्षण सम्बन्धी क्षेत्रमा प्रदेश भित्र उत्कृष्ट योगदान पुऱ्याएका महिला समाजसेवी वा अधिकारकर्मीहरु मध्येबाट प्रदेश सरकारले तोकेको एकजना – सदस्य

(ग) प्रदेश सरकारले तोकेको कुनै मन्त्रालयको सचिव वा अधिकृत एघारौं तहको कुनै अधिकृत कर्मचारी – सदस्य-सचिव

(३) प्रदेश सरकारले समितिका अध्यक्ष तथा सदस्यको नियुक्ति गर्दा सामाजिक विकास मन्त्रालयको सिफारिसमा गर्नेछ ।

(४) समितिका अध्यक्ष तथा सदस्यको सेवा सुविधा सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१७.** <u>बालिका कल्याण गृहः</u> (१) प्रदेशमा बसोबास गर्दै आएका कुनैपनि हिंसा पीडित बालिकाको संरक्षण गर्ने प्रयोजनको लागि प्रदेश सरकारले आवश्यकता अनुसार प्रदेशमा बालिका कल्याण गृह स्थापना गर्न सक्नेछ ।

(२) प्रदेशमा बसोबास गर्दै आएका कुनै बालिका आफ्नै आमा, बुबा, दाजु-भाई, दिदी-बहिनी वा आफ्नो परिवारको अन्य कुनैपनि सदस्यको कामबाट हिंसा पिडीत भई आफ्नै घरमा सुरक्षित रहन नसक्ने भई सो कुराको उजुरी समिति समक्ष पर्न आएमा वा समितिले सो कुराको जानकारी प्राप्त गरेमा त्यस्ता बालिकाको संरक्षणका लागि त्यस्ता बालिकालाई सम्बन्धित वडाको रोहबरमा बालिका कल्याण गृहमा पठाउने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) बालिका कल्याण गृहको संचालन, व्यवस्थापन, निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

## <u>संरक्षकको व्यवस्था</u>

**१८.** <u>कोही नहुने बालिकाको हेरचाह र निजको सम्पत्तिको जिम्माः</u> (१) कुनै बालिकाको हेरचाह गर्न एकाघरका कोही नातेदार नभएको कुराको जानकारी बालिका कल्याण अधिकारीलाई प्राप्त हुन आएमा निजले त्यस्तो बालिकाको पालनपोषणको सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु पर्नेछ । त्यस्तो व्यवस्था मिलाउँदा सकभर नजिकको नातेदारलाई त्यस्तो बालिका जिम्मा लगाउने व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बालिका जिम्मा लगाउने प्रयोजनको लागि नजिकको नातेदार कोही नभएमा सो बालिकाको पालनपोषणको निमित्त कुनै इच्छुक व्यक्ति वा संस्थाको जिम्मा दिनु पर्नेछ ।

(३) बालिकाको पालनपोषण गर्ने कुनै नातेदार, व्यक्ति वा संस्था नभएमा त्यस्तो बालिकाको पालनपोषणको निमित्त बाल कल्याण गृहको जिम्मा दिनु पर्नेछ ।

(४) उपदफा (१) मा उल्लिखित बालिकाको कुनै सम्पत्ति भए बालिका कल्याण अधिकारीले तोकिए बमोजिम कम्तीमा दुईजना स्थानीय व्यक्तिको रोहवरमा त्यस्तो सम्पत्तीको फाँटवारी तयार गरी पालनपोषण गर्ने व्यक्ति वा संस्थालाई समेत एक प्रति बुझाई बालिका र बालिकाको सम्पत्ति जिम्मा लगाएको व्यहोरा तोकिए बमोजिम कागज गराई राख्नु पर्नेछ ।

(५) विद्यालय, बालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एंव सामाजिक संस्थाहरुले बालिका विरुद्दको हिंसा वा दुर्व्यवहारको रोकथाम गर्न, बालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारबाही गर्नको लागि संस्थागत तहमा बालिका संरक्षण मापदण्ड निर्माण गरी लागू गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम निर्माण गरिएको बालिका संरक्षण मापदण्ड कार्यान्वयन गर्नु विद्यालय, प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एंव सामाजिक संस्थाका प्रमुखको दायित्व हुनेछ ।

**१९. <u>संरक्षकको नियुक्तिः</u>** (१) बाबु आमा वा एकाघरको उमेर पुगेका कोही नातेदार जीवित नरहेमा वा जीवित रहेको भए पनि शारिरीक वा मानसिक अशक्तताको कारण बालिकाको पालनपोषण वा रेखदेख गर्न नसक्ने भएमा त्यस्तो बालिकालाई तोकिए बमोजिम अन्य जुनसुकै व्यक्तिलाई बालिका कल्याण अधिकारीले संरक्षक नियुक्त गरी जिम्मा लगाउन सक्नेछ ।

(२) उपदफा (१०) बमोजिम त्यस्तो संरक्षक नियुक्त गर्दा मानसिक रुपमा स्वस्थ्य भएको र दश वर्ष उमेर पूरा गरेको व्यक्तिको हकमा निजले रोजेको व्यक्ति हुन सक्ने छ –

तर, त्यसरी संरक्षक रोज्दा सोको लिखित गरी प्रचलित कानून बमोजिम प्रमाणित गर्नु पर्नेछ र अन्यको हकमा तोकिएको कानून बमोजिम हुनेछ ।

**२०. <u>संरक्षक हुन नसक्नेः</u>** देहायको व्यक्तिहरु संरक्षक हुन सक्ने छैनन् ।

(क) असक्षम वा अर्धसक्षम व्यक्ति,

(ख) असक्षम वा अर्धसक्षम व्यक्तिको हक वा हित विपरित काम गरेको प्रमाणित भएको व्यक्ति,

(ग) अदालतबाट कुनै कैदको सजाय भएको व्यक्ति वा फौजदारी कसुरमा सजाय काटेको व्यक्ति,

तर, अन्यको हकमा कानून बमोजिम हुनेछ ।

## परिच्छेद-६

## <u>कसूर तथा सजाय</u>

२१. <u>कसूर मानिने:</u> (१) प्रचलित कानूनमा बालिका विरुद्ध कसूर ठहरिने कुनै काम कारबाहीका सम्बन्धमा गरिएको व्यवस्थामा कुनै प्रतिकूल असर नपर्ने गरी यस ऐनको प्रयोजनको लागि कुनै व्यक्तिले देहायको कुनै काम कारबाही गरेमा निजले यस ऐन बमोजिम कसूर गरेको मानिनेछ ।

(क) दफा ११ मा उल्लेख गरिए बमोजिम बालिका भएकै कारणबाट गर्भपतन गर्ने वा गराउने काम गरेमा,

(ख) दफा ९ मा उल्लेख गरिए बमोजिम बालिकाको विवाह गरे गराएमा,

(ग) छ वर्ष वा सो भन्दा बढी उमेर पूरा भएका बालिकालाई विधालयमा भर्ना नगराई घरको कामकाजमा लागाउने वा शिक्षाको अवसरबाट बन्चित हुने कुनै काम कारबाही गरे गराएमा,

(घ) दफा ६ मा उल्लेख गरिए बमोजिम छोरा- छोरी बीच भेदभाव हुने काम कारबाही गरे गराएमा,

(ङ) दफा ७ मा उल्लेख गरिए बमोजिम बालिका प्रति क्रुर वा यातनापूर्ण अमानवीय व्यवहार गरे गराएमा,

(च) दफा ८ मा उल्लेख गरिए बमोजिम बालिकालाई अनैतिक पेशामा संलग्न गराएमा,

(छ) दफा १० विपरित हुने कुनै काम कारवाही गरेमा,

(ज) विद्यालय जाने कुनै बालिकालाई कुनै खास जानजाति, यौनिक पहिचान वा अपाङ्गता भएका कारणले विधालयमा भेदभाव गर्ने वा पढ्ने वातावरणबाट बन्चित गर्ने काम गरे वा गराएमा,

(झ) छोरालाई निजी विधालय र छोरीलाई सरकारी विधालयमा अध्ययन गराई छोरा छोरी बीच विभेद हुने गरी शिक्षाको गुणस्तरमा असर पर्न सक्ने काम कारबाही गरेमा,

(ञ) बालिकालाई घर, विद्यालय वा अन्य कुनै पनि स्थानमा कुटपिट गर्ने, मानसिक रुपमा प्रताडना दिने, शरीरको कुनै भागमा यौनजन्य नियतले स्पर्श गर्ने, अश्लील गाली गर्ने वा पोर्नसाइट हेर्ने वा हेर्न लगाउने काम गरे गराएमा,

(ट) बालिकालाई व्यवसायिक प्रयोजनको लागि सर्कस, नाटक वा अन्य मनोरञ्जनात्मक वा जोखिमपूर्ण काममा लगाएमा,

(ठ) संरक्षकले यस ऐन बमोजिम पालनपोषण गर्नु पर्ने बालिकालाई पालनपोषण नगरेमा वा बालिकाको सम्पत्तिको उचित हेरचाह नगरी नष्ट गरेमा वा मासेमा,

२२. <u>दण्ड सजायः</u> देहायको कसूर गर्नेलाई देहाय बमोजिमको सजाय हुनेछः-

(क) दफा २१ को खण्ड (क), (ख) र (च) बमोजिमको कसूर गर्ने गराउनेलाई पाँचलाख रुपैयाँसम्म जरिवाना,

(ख) दफा २१ को खण्ड (ग), (घ) र (ज) बमोजिमको कसूर गर्ने गराउनेलाई पचास हजार रुपैयाँसम्म जरिवाना,

(ग) दफा २१ को खण्ड (ङ) बमोजिमको कसूर गर्ने गराउनेलाई एक लाख पचास हजार रुपैयाँसम्म जरिवाना,

(घ) दफा २१ को खण्ड (छ) र (ठ) बमोजिमको कसूर गर्ने गराउनेलाई एकलाख रुपैयाँसम्म जरिवाना,

(ङ) दफा २१ को खण्ड (झ) बमोजिमको कसूर गर्ने गराउनेलाई पच्चिस हजार रुपैयाँसम्म जरिवाना,

(च) दफा २१ को खण्ड (ञ) र (ट) बमोजिमको कसूर गर्ने गराउनेलाई पचहत्तर हजार रुपैयाँसम्म जरिवाना,

२३.हदम्याद:यस ऐन बमोजिमको सजाय हुने कसूरको सम्बन्धमा सो भए गरेको मितिले एक वर्ष भित्र मुद्दा दायर गर्नु पर्नेछ ।

तर बदनियतपूर्वक बालिकाको सम्पत्ति बेचबिखन गरेकोमा जहिलेसुकै पनि र बालिकालाई अनैतिक काममा लगाएकोमा सो काम भए गरेको मितिले तीन वर्ष भित्र मुद्दा दायर गर्न सकिनेछ ।

२४. प्रदेश सरकारवादी हुने: (१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दा प्रदेश सरकारवादी हुनेछ ।

(२) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी उजुरी सम्बन्धित प्रदेश प्रहरी कार्यालयमा दिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम प्रदेश प्रहरी कार्यालयबाट अनुसन्धान भएपछि प्रचलित कानून बमोजिमको अदालतमा मुद्दा दायर गर्नु अघि सरकारी वकीलको परामर्श लिनु पर्नेछ ।

२५.मुद्दाको कारवाहीमा प्राथमिकता दिनु पर्ने:यस ऐन बमोजिमको मुद्दाको कारवाही तथा किनारा गर्दा सम्बन्धित अदालतले प्राथमिकता दिनु पर्नेछ ।

२६. पुनरावेदन:यस ऐन बमोजिमको कसूर सम्बन्धी मुद्दामा प्रचलित कानून बमोजिमको अदालतको निर्णयमा चित्त नबुझाउने व्यक्तिले त्यस्तो निर्णय भएको मितिले पैतिस दिनभित्र प्रचलित कानून बमोजिमको अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद-७

## विविध

२७.निर्देशन तथा आदेश दिन सक्ने: बालिकाको हक हितको संरक्षण गरी यस ऐनको प्रभावकारी कार्यान्वयन गर्ने प्रयोजनको लागि प्रदेश सरकारले सम्बन्धित निकायलाई आवश्यक निर्देशन तथा आदेश दिन सक्नेछ । यसरी दिएको निर्देशन तथा आदेशको पालना गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

२८. निरीक्षण गर्न सक्ने: प्रदेश सरकार वा प्रदेश सरकारबाट अख्तियारी प्राप्त निकायले यस ऐनको प्रभावकारी कार्यान्वयन भए नभएको कुराको सम्बन्धमा सम्बन्धित निकायको परीक्षण गर्न सक्नेछ ।

२९. <u>अधिकार प्रत्यायोजनः</u> यस ऐनको कार्यान्वयन गर्ने सम्बन्धमा प्रदेश सरकार, समिति वा कुनै अधिकारीलाई प्राप्त अधिकार अन्य कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सकिनेछ ।

३०. <u>बाधा अडकाउ फुकाउने अधिकारः</u> यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ आई परेमा प्रदेश सरकारले सो बाधा अडकाउ फुकाउनको लागि प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक आदेश जारी गर्न सक्नेछ ।

३१. <u>असल नियतले काम गरेकोमा बचाउः</u> यस ऐनले दिएको अधिकारको प्रयोग असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी वा पदाधिकारी व्यक्तिगत रुपले उत्तरदायी हुने छैन ।

३२. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस ऐनमा लेखिए जतिमा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

३३. <u>नियम बनाउने अधिकारः</u>यस ऐनको उद्धेश्य कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियमहरु बानाउन सक्नेछ ।

३४.<u>कार्यविधि तथा निर्देशिका बनाउन सक्नेः</u> यस ऐनको उद्देश्य कार्यान्वयन गर्न यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही प्रदेश सरकारले आवश्यक कार्यविधि तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।